नेपाल सरकार

# अर्थ मन्त्रालय

अत्यन्त जरुरी
गोप्य

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७३/७४ अख्तियारी
च नं. :- १८

मितिः २०७३।०४।१९

विषयः आर्थिक वर्ष २०७३/७४ को विनियोजित बजेटको बाँडफाँट र खर्च गर्ने अख्तियारी।

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय, रौतहट ।

चालु आर्थिक बर्षको बजेट उपशीर्षक नं. ३६५८०२ गाउँ विकास समिति अनुदानमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको सूत्रको आधारमा सोही मन्त्रालयको मिति २०७३।४।७ को पत्रद्वारा बाँडफाँट भई आए अनुसार त्यस जिल्ला अन्तर्गतका ८४ गाउँ विकास समितिलाई देहाय अनुसारको रकमको निकासा लिई खर्च गर्ने गराउने प्रयोजनको लागि देहायको रकम र सो मा थपघट हुने रकम समेत प्रचलित ऐन, नियम तथा निर्देशिका अनुसार व्यवस्थापन गर्न तपाईलाई यो अख्तियारी सुम्पेको छु।

कार्यालय आयोजना वा कार्यालयको नामः गाउँ विकास समिति अनुदान

| बजेट उपशीर्षक नं. | बजेट खर्च शीर्षक नं. | स्वीकृत बजेट (रू.हजारमा) |
|---|---|---|
| ३६५८०२ | २६३११ | ४५७८० |
| ३६५८०२ | २६३२१ | ३९१८४६ |
| | जम्मा | ४३७६२६ |

निकासा माग र खर्च गर्दा देहाय अनुसारको व्यहोरालाई समेत ध्यानमा राखी कार्य सम्पादन गर्नु हुनेछः

१. गा.वि.स.अनुदानको रकम निकासा लिई बाँडफाँट अनुसार सम्बन्धित गाउँ विकास समितिमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।
२. उपभोक्ता समितिवाट काम गराउँदा अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनु हुनेछ।
३. स्थानीय निकाय पूँजीगत अनुदानमा विनियोजित रकम स्थानीय निकाय चालु अनुदानमा रकमान्तर गर्न पाइने छैन।
४. केन्द्रीय लेखा विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्ने र खर्चको अनुगमन समेत गर्ने हुँदा खर्चको फाँटवारी सहितको वित्तीय र भौतिक प्रगति विवरण मासिक तथा चौमासिक रुपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु हुनेछ। आय व्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित गा.वि.स. तथा जि.वि.स.मा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गर्नु पर्नेछ।
५. स्वीकृत कार्यक्रमहरु आर्थिक वर्ष २०७३/७४ को असार १५ गते भित्र सम्पन्न गरी असार २० गते भित्र सार्वजनिक लेखा परीक्षण गराई असार मसान्तभित्र जाँचपास र फरफारक गर्नु पर्नेछ।
६. अख्तियारी प्रदान गरिएको रकमवाट भएको उपलब्धि सहितको वार्षिक वित्तीय तथा भौतिक प्रगति विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु हुनेछ।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र सख्या :-
च. नं. :-

७. अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्य तालिका बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

८. विनियोजित बजेटको नियमानुसार लेखापरीक्षण सम्पन्न गराउनु हुनेछ।

९. विकास आयोजनामा पूँजीगत खर्च गर्दा प्रति इकाई लागतको आधारमा बढी उपलब्धि हासिल हुने गरी खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१०. वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा केन्द्र र जि.वि.स.बाट प्राप्त रकम र आन्तरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गरी वार्षिक बजेट तथा कार्यक्रम तोकिए बमोजिम स्वीकृत गराउनु पर्नेछ।

११. चालु अनुदानबाट कर्मचारी खर्च र अन्य सञ्चालन खर्च समेत विनियोजित बजेटको सीमा भित्र रही गर्नु पर्नेछ।

१२. पूँजीगततर्फ विनियोजित रकमको कार्यक्रम तर्जुमा गर्दा महिलाहरुको सशक्तिकरण, बालबालिकाको हित र कल्याण, दलित वर्गको मूलप्रवाहीकरण, आदिवासी जनजाति उत्थान, अशक्त र अपाङ्गहरुको हित र कल्याण सम्बन्धी आयोजनाहरुमा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा व्यवस्था भए अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१३. यी कार्यक्रम अन्तर्गत सञ्चालन गरिने निर्माणका काममा श्रम प्रधान प्रविधि अबलम्बन गर्नु पर्नेछ।

१४. कार्यक्रमको सञ्चालन र मर्मत सम्भारको कार्य समुदायबाटै हुने व्यवस्था मिलाउनु हुनेछ।

१५. अनुत्पादक चालु खर्चमा नियन्त्रण गर्दै पूँजीगत खर्चमा वृद्धि गरी उपलब्ध स्रोत साधनलाई उत्पादनशील र विवेकशील ढङ्गमा खर्च हुने व्यवस्था मिलाउनु हुनेछ। सरकारी खर्चमा मितव्ययिता र वित्तीय अनुशासन कायम गर्न विशेष पहल गर्नुहुनेछ।

१६. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को पूर्ण रुपमा पालना गर्नु हुनेछ।

१७. कुनै पनि योजनाको नामबाट खर्च देखाएर कर्मचारीहरूलाई तलब भत्ता उपलब्ध गराइएमा प्रचलित कानून बमोजिम अधिकारवाला अधिकारीलाई कारवाही गर्नु गराउनु हुनेछ।

१८. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले तोकेको ढाँचा र समय सीमाभित्र निकासा लिने प्रयोजनार्थ विवरण पेश गर्ने र जिविसमा प्रगति विवरण पठाउनु पर्नेछ।

१९. आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्नुपर्ने साथै निःशर्त अनुदान र राजस्व आम्दानी रकमको छुट्टै होडिङ्ग बोर्ड बनाई सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

२०. क्रमागत योजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

२१. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३ बमोजिम सुपरिवेक्षण तथा अनुगमन समिति गठन गराई क्रियाशील गराउनु हुनेछ।

२२. गाविसले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाहरुको अनुगमन, प्रगति प्रतिवेदन र समीक्षा सहितको विवरण परिषदमा छलफल गराई सम्बन्धित जिविसमा पेश गर्नु पर्नेछ।

२३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले निषेध गरेको क्षेत्रमा रकम खर्च गर्न पाइने छैन।

२४. स्वीकृत सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट छनौट भएका योजना तथा कार्यक्रमहरूमा मात्र रकम खर्च गर्नु पर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा म. म.

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

२५. चालु अनुदान अन्तर्गत खर्च शीर्षक नं. २६३११ मा विनियोजन भएको रकम बाँडफाँट स्वीकृत गर्दा तलब भत्ता जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य खर्च शीर्षकमा बाँडफाँट गरी सो को जानकारी यस मन्त्रालय र सम्बन्धित निकायलाई दिनु हुनेछ। अनिवार्य दायित्वमा पर्याप्त रकम नछुट्याई बाँडफाँट गरेमा थप निकासा दिइनेछैन।

२६. एकल खाता कोष प्रणाली सबै जिल्लाहरूमा लागु भइसकेको हुँदा महालेखा नियन्त्रक कार्यालयले तोकेको कार्यविधि वमोजिम बजेट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

२७. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार स्वदेशी मालसामान तथा वस्तु प्रचलित वजार मूल्यभन्दा १५ प्रतिशत सम्म वढी भएपनि अनिवार्य खरिद गर्नु पर्ने व्यवस्थाको पालना गर्नु गराउनु हुनेछ।

२८. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ अनुसार गाउँ विकास समितिले कार्यान्वयन गरेका आयोजना/कार्यक्रमहरुको Project Funding Matrix (PFM) फाराम सम्बन्धित गाउँ विकास समितिबाट जिल्ला विकास समितिमा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गर्नु हुनेछ।

२९. प्रस्तुत अख्तियारीमा उल्लिखित विषय र प्रक्रिया वाहेकका खर्च गर्ने आय शर्तद्वारा प्रचलित कानुन एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे वमोजिम हुनेछ।

३०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

३१. मन्त्रालयगत बजेट व्यवस्थापन सुचना प्रणाल (LMBIS) मा भएको र परिषदमा स्वीकृत कार्यक्रम भन्दा कम बढी रकम अख्तियारीमा प्राप्त भएको अवस्थामा जिल्ला विकास समिति, गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रक्रिया पुरा गरी योजना तथा कार्यक्रमहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्नेछ।

३२. जिल्ला विकास अनुदान र गाउँ विकास समिति अनुदान रकम खर्च गर्ने एवं चालु आ.व.मा खर्च बाँकी रहेको रकम नियमानुसार निकासा फिर्ता गर्नुपर्नेछ।

(लोकदर्शन रेग्मी)
सचिव

बोधार्थः -

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल

श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवारः केन्द्रीय लेखा तयार गर्ने र खर्च तथा प्रगतिको अनुगमन गर्ने साविक बमोजिमको व्यवस्था मिलाउनु होला।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहट।

| S.N. | District | S.N of VDCs | Name of VDCs | | Recurrent | Capital | Total |
|---|---|---|---|---|---|---|---|
| | | | VDCs | गाविसहरु | | | |
| 30 | Rautahat | 1412 | Ajagabi | अजगावी | ५४५ | ३०६२ | ३६०७ |
| | | 1413 | Akolawa | अकोलवा | ५४५ | ४५३० | ५०७५ |
| | | 1414 | Auraiya | ओरैया | ५४५ | ६१५० | ६६९५ |
| | | 1415 | Badharwa | बडहरवा | ५४५ | ४१७९ | ४७२४ |
| | | 1416 | Bagahi | वगही | ५४५ | ४७२० | ५२६५ |
| | | 1417 | Bahuwa Madanpur | वहुवा मदनपुर | ५४५ | ३६६२ | ४२०७ |
| | | 1418 | Bairiya | वैरिया | ५४५ | ४२९० | ४८३५ |
| | | 1419 | Banjaraha | वन्जरहा | ५४५ | ३०६२ | ३६०७ |
| | | 1420 | Bariyarpur | वरियारपुर | ५४५ | ५०९० | ५६३५ |
| | | 1421 | Basantapatti | वसन्तपट्टी | ५४५ | ५८५९ | ६४०४ |
| | | 1422 | Basatpur | वसतपुर | ५४५ | ४५१२ | ५०५७ |
| | | 1423 | Bhalohiya(Pipra) | पिप्रामलोहिया | ५४५ | ३४९३ | ४०३८ |
| | | 1424 | Bhediyahi | भेडीयाही | ५४५ | ३०६२ | ३६०७ |
| | | 1425 | Birtiprastoka | विर्ती प्रस्तोका | ५४५ | ३१९३ | ३७३८ |
| | | 1426 | Bishrampur | विश्रामपुर | ५४५ | ७७५७ | ८३०२ |
| | | 1427 | Bisunpurwa Manpur | विष्णुपुर्वा मानपुर | ५४५ | ३७२४ | ४२६९ |
| | | 1428 | Brahmapuri | व्रम्हपुरी | ५४५ | ३७६८ | ४३१३ |
| | | 1429 | Debahi | देवाही | ५४५ | ४४०१ | ४९४६ |
| | | 1430 | Dharampur | धर्मपुर | ५४५ | ६५८९ | ७१३४ |
| | | 1431 | Dharhari | धरहरी | ५४५ | ३०६२ | ३६०७ |
| | | 1432 | Dipahi | दपही | ५४५ | ३६६२ | ४२०७ |
| | | 1433 | Dumriya(Paroha) | डुमरिया (परोहा) | ५४५ | ३८६० | ४४०५ |
| | | 1434 | Fatuha Maheshpur | फतुहा महेशपुर | ५४५ | ४०२३ | ४५६८ |
| | | 1435 | Fatuwa Harsaha | फतुहा हर्साहा | ५४५ | ३८०९ | ४३५४ |
| | | 1436 | Gadho | गढो भगवानपु | ५४५ | ३०६२ | ३६०७ |
| | | 1437 | Gamariya Birta | गम्हरिया विर्ता | ५४५ | ५९०० | ६४४५ |
| | | 1438 | Gamhariya Parsa | गम्हरीया पर्सा | ५४५ | ५१५५ | ५७०० |
| | | 1439 | Gangapipra | गंगापिप्रा | ५४५ | ३०६२ | ३६०७ |
| | | 1440 | Hadirya Paltuwa | हद्रिया पल्टुवा | ५४५ | ३८०४ | ४३४९ |
| | | 1441 | Hajminiya | हजमिनिया | ५४५ | ३९८५ | ४५३० |
| | | 1442 | Hathiyahi | हथियाही | ५४५ | ४४२० | ४९६५ |
| | | 1443 | Iharbari Jyuthahi | इन्नरवारीजिउताही | ५४५ | ४२५९ | ४८०४ |
| | | 1444 | Inaruwa | इनवां | ५४५ | ३३६२ | ३९०७ |
| | | 1445 | Jatahara | जटहरा | ५४५ | ५३०६ | ५८५१ |
| | | 1446 | Jethrahiya | जेठरहिया | ५४५ | ३८०८ | ४३५३ |
| | | 1447 | Jhunkhunwa | झुनखुनवा | ५४५ | ५३९२ | ५९३७ |
| | | 1448 | Jingadawa Belbichwa | जिङगडवा वेलविछवा | ५४५ | ४९१० | ५४५५ |
| | | 1449 | Jowaha(Jokaha) | जोकाहा | ५४५ | ५०५१ | ५५९६ |
| | | 1450 | Kananpur | कनकपुर | ५४५ | ६०९६ | ६६४१ |
| | | 1451 | Karkach Karmaiya | करकचकमैया | ५४५ | ५८०० | ६३४५ |
| | | 1452 | Karuniya | करुनीया | ५४५ | ५७१० | ६२५५ |
| | | 1453 | Katahariya | कटहरिया | ५४५ | ७०७१ | ७६१६ |
| | | 1454 | Khesarhiya | खेसरहीया | ५४५ | ३६६२ | ४२०७ |
| | | 1455 | Laximpur Belbichawa | लक्ष्मीपुर वेलविछवा | ५४५ | ३६६२ | ४२०७ |
| | | 1456 | Laximpur(Do) | लक्ष्मीपुर (डो) | ५४५ | ४३८१ | ४९२६ |
| | | 1457 | Laxminiya | लक्ष्मिनिया | ५४५ | ७७५७ | ८३०२ |
| | | 1458 | Lokaha | लौकाहा | ५४५ | ४११४ | ४६५९ |
| | | 1459 | Madhopur | माधोपुर | ५४५ | ४७०५ | ५२५० |
| | | 1460 | Maryadpur | मर्यादपुर | ५४५ | ३७५२ | ४२९७ |
| | | 1461 | Masedawa | मसेडवा | ५४५ | ४३५७ | ४९०२ |
| | | 1462 | Mathiya | मठिया | ५४५ | ४८१७ | ५३६२ |
| | | 1463 | Matsari | मत्सरी | ५४५ | ३२४२ | ३७८७ |
| | | 1464 | Mithuwa | मिठुवा | ५४५ | ३०७१ | ३६१६ |
| | | 1465 | Mudwalawa | मुडवलवा | ५४५ | ३८२६ | ४३७१ |
| | | 1466 | Narkatiya Guthi | नरकटिया गुठी | ५४५ | ४८४९ | ५३९४ |
| | | 1467 | Pacharukhi | पचरुखी | ५४५ | ४३३८ | ४८८३ |
| | | 1468 | Pataura | पतौरा | ५४५ | ४९५३ | ५४९८ |
| | | 1469 | Pathara Budharampu | पथरावुधरामपुर | ५४५ | ५४११ | ५९५६ |
| | | 1470 | Pipara Pokhariya | पिप्रा पोखरीया | ५४५ | ५०५४ | ५५९९ |
| | | 1471 | Pipara(Paroha_ | पिपरिया (परोहा) | ५४५ | ५०१२ | ५५५७ |

| S.N. | District | S.N of VDCs | Name of VDCs | | Recurrent | Capital | Total |
|---|---|---|---|---|---|---|---|
| | | | VDCs | गाविसहरु | | | |
| | | 1472 | Pipariya(Dostiya) | पिपरिया (दो) | ५४५ | ३५२४ | ४०६९ |
| | | 1473 | Pipra Bhagwanpur | पिप्रा भगवानपुर | ५४५ | ४११५ | ४६६० |
| | | 1474 | Pipra Rajbara | पिप्रा रजवाडा | ५४५ | ४४७८ | ५०२३ |
| | | 1475 | Pratappur Paltuwa | प्रतापपुर पल्टुवा | ५४५ | ५४५७ | ६००२ |
| | | 1476 | Prempur Gunahi | प्रेमपुरगुनाही | ५४५ | ४५६९ | ५११४ |
| | | 1477 | Raghunathpur | रघुनाथपुर | ५४५ | ४७९९ | ५३४४ |
| | | 1478 | Rajdevi | राजदेवी | ५४५ | ३३१३ | ३८५८ |
| | | 1479 | Rajpur Farahadawa | राजपुर फरहदवा | ५४५ | ७७५७ | ८३०२ |
| | | 1480 | Rajpur Tulsi | राजपुर तुल्सी | ५४५ | ४६७४ | ५२१९ |
| | | 1481 | Ramoli Bairiya | रमौली वैरिया | ५४५ | ५०७१ | ५६१६ |
| | | 1482 | Rampur Khap | रामपुरखाप | ५४५ | ४३४९ | ४८९४ |
| | | 1483 | Rangapur | रङपुर | ५४५ | ७७५७ | ८३०२ |
| | | 1484 | Sakhuawa | सखुअवा | ५४५ | ४१२४ | ४६६९ |
| | | 1485 | Sakhuwa Dhamaura | सखुअवा धमौरा | ५४५ | ७७५७ | ८३०२ |
| | | 1486 | Samanpur | समनपुर | ५४५ | ५९७२ | ६५१७ |
| | | 1487 | Samrujawa | सरमुजवा | ५४५ | ५८७६ | ६४२१ |
| | | 1488 | Sangrampur | संग्रामपुर | ५४५ | ४९०९ | ५४५४ |
| | | 1489 | Santapur(Dostiya) | सान्तपुर (दोस्तीया) | ५४५ | ४६८० | ५२२५ |
| | | 1490 | Saruatha | सारुअठा | ५४५ | ४६३५ | ५१८० |
| | | 1491 | Saunaraniya | सोनरनिया | ५४५ | ४०२२ | ४५६७ |
| | | 1492 | Shitalpur Bairgania | शीतलपुर वैरगनिया | ५४५ | ४६५६ | ५२०१ |
| | | 1493 | Simara Bhawanipur | सिम्रा भवानीपुर | ५४५ | ६८६६ | ७४११ |
| | | 1494. | Tejapakar | तेजापाकर | ५४५ | ३८३९ | ४३८४ |
| | | 1495 | Tengraha | टेङ्ग्राहा | ५४५ | ४०११ | ४५५६ |
| | **Total** | | **84** | | ४५७८० | ३९१८४६ | ४३७६२६ |